# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

☎ ०२५-५८००४६
०२५-५८२३१५
०२५-५८२८१५
०२५-५८२१६५


प.सं.

च.नं.

मिति ......................

## प्रेस-विज्ञप्ति

मिति: २०७७।०४।२९

इटहरी उपमहानगरले कोभिड १९ संक्रमण नियन्त्रणका लागि पीसीआर परीक्षणको दायरालाई बढाएसँगै संक्रमित संख्या बढ्दै गएको पाईएको छ। संक्रमितका सम्पर्कमा आएका व्यक्तिहरु, उपमहानगरका जनप्रतिनिधि र कर्मचारी साथै प्रत्येक वडाहरुवाट बढि भीडभाड हुने ठाँउका शंकास्पत व्यक्तिहरु र त्यहाँ जाने व्यक्तिहरुको स्वाव संकलन गरेर परीक्षण गरिएको छ। इटहरी उपमहानगरपालिकावाट बिभिन्न मितिमा संकास्पद व्यक्तिहरुको कोभिड १९ परिक्षणका लागी Swab Specimen संकलन गरी बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान पठाईएकोमा आज मिति २०७७।०४।२९ गते एकै दिन जम्मा १३ जनाको पीसिआर रिर्पोट पोजेटिभ आएको व्यहोरा जानकारी सहित कोभिड १९ संक्रमणवाट आफु पनि बच्न र अरुलाई पनि बचाउन उच्च सतंकता र सावधानी अपनाउन अनुरोध गरिन्छ।

१. इटहरी उपमहानगरको कोभिड १९ को अवस्था :

(क) आज मिति २०७७।४।२९ गते कोभिड १९ संक्रमितको वडागत विवरण : १३ जना (३ महिला र १० पुरुष )

| वडा नं | संक्रमितको संख्या | अन्य विवरण | कैफियत |
|---|---|---|---|
| इटहरी वडा नं ५ | १ जना | २६ वर्ष पुरुष | |
| इटहरी वडा नं ६ | ३ जना | २६ वर्ष , २७ वर्ष र ८१ वर्ष पुरुष | |
| इटहरी वडा नं ७ | २ जना | ४२ वर्ष महिला र १८ वर्ष पुरुष | |
| इटहरी वडा नं ९ | २ जना | ३८ वर्ष महिला र ४० वर्ष पुरुष | |
| इटहरी वडा नं १४ | १ जना | ३५ वर्ष पुरुष | |
| इटहरी वडा नं १६ | १ जना | १६ वर्ष पुरुष | |
| इटहरी वडा नं १७ | १ जना | ४४ वर्ष पुरुष | |
| इटहरी वडा नं १९ | १ जना | २९ वर्ष पुरुष | |
| इटहरी वडा नं २० | १ जना | १९ वर्ष महिला | |
| जम्मा | १३ जना | | |

राम चरण चौधरी
जनस्वास्थ्य अधिकृत

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं.

च.नं.

मिति ......................

(ख) हालसम्मको अद्यावधिक विवरणहरु:

| पीसीआर परिक्षण जम्मा संख्या | पीसीआर पोजेटिभ संक्रमितको संख्या जम्मा | आरडीटी परिक्षण | कैफियत |
|---|---|---|---|
| २१६७ | ४६ जना | ६४८ | |

२. इटहरी उपमहानगरले मिति २०७७०४।२१ गतेदेखि ऐ.ऐ. २५ गतेसम्म ५ दिन अत्यावश्यक सेवा बाहेक यातायात, बजार लगायत सवै सेवा र गतिविधिहरु बन्द गरेको व्यहोरा सर्वविदितै छ । साथै जिल्ला प्रशासन कार्यालय सुनसरीले मिति २०७७०४।२६ गतेदेखी सुनसरी जिल्लाभर निषेधित क्षेत्र घोषणा गरी उपरोक्त अनुसार अत्यावश्यक सेवा बाहेक सवै क्षेत्रका गतिविधिहरु र सेवाहरु मिति २०७७४।३२ सम्म बन्द गरिएको छ । इटहरी उपमहानगर क्षेत्रभित्र कोभिड १९ रोगको संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्न उपमहनगरपालिका प्रयासरत छ । हाल जोखिम अझै बढ्दै गएको सन्दभमा इटहरी उपमहानगरमा बसोबास गर्ने आम नगरवासी अत्यावस्यक काममा बाहेक घर बाहिर ननिस्कन, मास्कको अनिवार्य प्रयोग गर्न तथा साबुन पानीले पटक पटक हात धुने र सेनिटाइजर गर्ने जस्ता कार्यलाई निरन्तरता दिई बजार, पसल, कार्यालय, यातायात पूर्ण रुपमा बन्द गरी उपमहानगरको यस अभियानलाई सहयोग पुयाई दिन हुन हार्दिक अपिल गर्दछौं ।

............
(रामचरण चौधरी)
स्वास्थ्य संयोजक
राम चरण चौधरी
जनस्वास्थ्य अधिकृत

2077/4/29
............
(कृष्ण प्रसाद सापकोटा )
प्रमुख प्रशासकीय अधिकृत
कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत